# २४

# इन्भेन्टरीः सामुदायिक वनको अर्को तगारो

"हामीले आवश्यक सबै कुरा गरिसकेर पनि हाम्रो वन हस्तान्तरण भएन" भन्छन् पालुवाटार सामुदायिक वनका सचिव पुष्पराज पराजुली। यस्तो गुनासो पोख्नेहरूमा पुष्पराज पराजुली एक्ला उदाहरण होइनन्। सरकारले सामुदायिक वन (सा.व.)को कार्ययोजना पेश गर्दा वनका स्रोतहरूको मौज्दात सर्वेक्षण गर्नुपर्ने प्रावधान अनिवार्य गरेदेखि सा.व. हस्तान्तरण गर्ने प्रकृया ठप्प जस्तै भएको छ। जनसहभागिताबिना वन संरक्षण गर्न नसकिने कुरा महसुस गरी २०५१ सालदेखि आफ्नो घर-गाउँ वरपरको वनलाई औपचारिक रूपमा सा.व.का रूपमा हस्तान्तरण गरी वनको संरक्षण र स्रोतको उपयोग गर्ने जिम्मा समुदायलाई नै दिने काम थालिएको हो। अझै परम्परागत जनज्ञानका विविधतालाई स्वीकार गर्न बाँकी भए पनि सा.व.लाई विकेन्द्रीकरण, नागरिक समाजको स्वायत्तता एवं स्रोत संरक्षणमा जनसहभागिताका हिसाबले राज्यको क्रान्तिकारी फड्कोका रूपमा लिने गरिन्छ। आजकल नेपालमा भएको सा.व.को अभ्यासलाई बुद्ध र सगरमाथा जस्तै नेपाल चिनाउने वस्तुका रूपमा प्रस्तुत गर्ने गरिन्छ। अहिले नेपालमा करिब ११,००० वटा सामुदायिक वन हस्तान्तरण भएका छन्। ती हस्तान्तरित वनका कार्ययोजना पनि हरेक ५ वर्षमा नवीकरण गर्नुपर्दछ। इन्भेन्टरी गर्नुपर्ने अनिवार्यताले नवीकरणको काम पनि रोकिएको छ।

**कसरी रोकियो ?**

मौज्दात सर्वेक्षण वन प्राविधिकको गणितीय सीपको क्षेत्र हो। मौज्दात सर्वेक्षण गर्दा सा.व.मा कति काठ छ र वर्षेनी कति काठ बढ्छ भन्ने हिसाब गरी वर्षेनी बढ्ने काठमा बढीमा ३० प्रतिशत (खयर छ भने ५० प्रतिशत) सम्म काठ सम्बन्धित सा.व.का उपभोक्ताहरूले झिक्न सक्छन्। पहिलो त वन विभागअन्तर्गतका जिल्ला वन कार्यालय र रेन्ज पोष्टहरूमा सा.व.मा काम गर्ने वन प्राविधिकहरू अथवा

*जनवन* (वन अधिकार कार्यक्रमको सामयिक प्रकाशन) १: ११-१५, साउन-असोज २०५९ मा प्रकाशित।

रेञ्जरहरूको कमी छ। भ्रमण भत्ता र समयको अभावले त्यसै पनि सा.व. दर्ता गर्ने प्रकृया ढिलो भइराखेको थियो। आफ्नो वरपरको वन सा.व.का रूपमा व्यवस्थित गर्न चाहने समुदायले सा.व. समूह दर्ता गरी कार्ययोजना बनाई सो कार्ययोजना वन प्राविधिकले जाँच गरी जिल्ला वन कार्यालय पठाएपछि जिल्ला वन अधिकृतले त्यसलाई स्वीकृत गरेर सम्बन्धित समूहलाई सरकारी वनको त्यस्तो अंश हस्तान्तरण गरिन्छ। सा.व. हस्तान्तरण भएपछि उपभोक्ताहरूले जथाभावी वन कटानी गरे भन्ने दृष्टिकोणले सरकारले इन्भेन्टरी अनिवार्य गराएको हो। मौज्दात हिसाब गर्न जान्ने रेञ्जरहरूको सङ्ख्या साह्रै न्यून छ। मौज्दात हिसाब गर्नुपर्ने प्रावधान आएपछि काठमाडौँकै छिमेकी काभ्रे जिल्लामा १३ जना मात्र वन स्रोतको मौज्दात निकाल्न जान्दछन्। देशमा १,२०० जति वन प्राविधिकहरूको अनुपातमा राखेर हेर्ने हो भने पनि देशमा ४५५ जना जति मात्र वन स्रोत मौज्दात निकाल्न सक्ने रेञ्जरहरू हुन्छन्। देशभित्र पहिलेदेखि नै रेञ्जरहरूको कमी छ। नेपालको वनक्षेत्र २९ प्रतिशत मानेर वन विकास गुरुयोजनाले अनुमान गरेको ६१ प्रतिशत वन सा.व.का रूपमा व्यवस्थापन गर्न सकिने कुरा मान्ने हो भने एक रेञ्जरले ३,५०० हेक्टर सामुदायिक वन क्षेत्र व्यवस्थापनमा सेवा पुऱ्याउनु पर्ने देखिन्छ। अहिलेको नेपालको यातायात र प्रविधिको स्तरमा हेर्दा एक रेञ्जरले मोटामोटी १,५०० हेक्टर वन क्षेत्रमा मात्र राम्ररी सेवा पुऱ्याउन सक्ने देखिन्छ।

सा.व.मा उपभोक्ताहरूसँग काम गरिरहेका संस्था र उपभोक्ताहरूको सरकारले इन्भेन्टरी अनिवार्य गराएर रेञ्जरको एकाधिकार राख्ने रवैयाप्रति समर्थन मिलेकोमा ठूलो असन्तोष देखाएका छन्। सा.व. उपभोक्ता महासङ्घका पूर्व अध्यक्ष हरि न्यौपाने सरकारी जागिरमा नभएका ओभरसियरहरूले गरेका निर्माणका कामहरू पनि मान्य हुने अन्य सरकारी प्रचलन जस्तै व्यवस्था कायम गरेमा वन विज्ञान प्रमाणपत्र तह उत्तीर्ण गरेका वन प्राविधिकहरूले काम पनि पाउने कुरा बताउँछन्। यी पूर्व अध्यक्षका भनाइ इन्भेन्टरीको गाँठो फुकाउने कुरामा एक फड्को अगाडि माने पनि सा.व.मा उपभोक्ताहरूसँग क्रियाशील रहेका व्यक्तिहरू तालिम दिए उपभोक्ताहरूले नै इन्भेन्टरीको काम गर्न सक्ने र उपभोक्ताहरूले गरेको इन्भेन्टरी स्वीकार नगर्नुमा वन विभागकै नियत जिम्मेवार रहेको ठान्छन्। उनीहरू हालसम्म पनि इन्भेन्टरी निर्देशिका नेपाली भाषामा प्राप्त नहुनुलाई वन विभागको पारदर्शी नहुने संस्कारको संज्ञा दिँदै सरकारको मिचाहा प्रवृत्तिकै एक भाग रहेको कुरा बताउँछन्। इन्भेन्टरीको प्रावधान कानूनसम्मत नभएको र सा.व.मा अग्लिएका र मोटाएका रूखहरू देखेर आफू होचिएका र पातलिएका सम्झने वन कर्मचारीहरूको हालीमुहाली कायम राख्ने जुक्ति हो भन्छन् उपभोक्ता महासङ्घका पूर्व अध्यक्ष हरि न्यौपाने। सा.व.मा भएको उन्नति देखेर वनका मान्छेलाई औडाहा भएको स्वीकार्दै यसको जरो उपनिवेशवादी वन विज्ञान शिक्षामा रहेको र हाम्रो देशका लागि फरक प्रकृतिको वन विज्ञान आवश्यक हुने तथ्यहरू औंल्याउँछन् वन तथा भू-संरक्षण मन्त्रालयका वनविज्ञ सह-सचिव

भरत पोखरेल । २०५७ साल वैशाखदेखि सरकारले सा.व.ले काठ बिक्री मूल्यको ४० प्रतिशत रकम सरकारलाई बुझाउन गरेको परिपत्रले यो विज्ञान र प्रविधिको आडमा तथ्यलाई लुकाउने र आफ्नो स्वार्थअनुसार व्याख्या गर्ने परम्पराको एक भाग हो भन्ने कुरालाई पुष्टि गर्छ । मौज्दात सर्वेक्षणको कामलाई वन प्राविधिकहरूले पहाडै पल्टाउने काम जस्तो बनाएको पाइन्छ ।

## इन्भेन्टरीका अरू दुष्परिणाम

इन्भेन्टरीले सा.व.लाई काठका रूपमा मात्र हेर्ने प्रवृत्ति बढाएको र यसले सा.व. व्यवस्थापनमा खासै प्रभाव नपर्ने कुरा आइयुसीएनका साकेन्द्र तिवारीले इन्भेन्टरी सम्बन्धमा आयोजित एक परामर्श बैठकमा बताए । यसले वन प्राविधिकहरूलाई जनतालाई बल्छीमा पार्ने उपाय मात्र दिएको कुरा बताउँछन् एक वर्षदेखि रोकिएको सा.व. बनाउने काममा लागेका सा.व. उपभोक्ता महासङ्घ जिल्ला शाखा अछामका सचिव नयन बुढा ।

रेञ्जरले इन्भेन्टरी बनाउन १६,००० रुपियाँ माग गरेको र आफ्नो सा.व.को खातामा ३,००० रुपियाँ जति मात्र भएको कुरा बताउँछिन् जनप्रिया सा.व. उपभोक्ता समितिका सचिव पार्वती श्रेष्ठ । वन कार्ययोजना बनाउन पनि ताक हेरी ५-७ हजार रुपियाँ रेञ्जरहरूले माग्ने गरेका नै हुन् । वन कार्ययोजना खास कार्य योजना नभएर अन्त कतैका लागि बनेको कार्ययोजनामा खाली ठाउँ मात्र भर्ने हो । १०० पेज जतिको यही कार्ययोजनाको नमुना लिन पनि रेञ्जरहरूले एक हजार ढडयाउने गर्छन् । प्राविधिकको सङ्ख्या पर्याप्त नभएको सन्दर्भमा इन्भेन्टरी प्रकरणले सा.व.को खर्चमा वृद्धि र वन कर्मचारीको घूस थप गर्न मद्दत पुऱ्याएको कुरा बताउँछन् भुक्तभोगीहरू ।

उपभोक्ताहरूसँग खर्च नभएर होस् वा दिन नचाहेर होस्, रकम चर्को भएर होस् या प्राविधिकहरू नभएर होस् सा.व.को प्रकृया अहिले इन्भेन्टरीमा अड्किएको छ । पुराना सा.व.का कार्ययोजनाहरू नवीकरण नभएर साविकका सा.व. उपभोक्ताहरू पनि अन्यौलमा परेका छन् । नवीकरण नभएर आफूले जोगाएको वन आफ्नै आँखाअगाडि विनाश भएको देखेर आफू उद्वेलित भएको बताउँछन् नेपालकै पहिलो सा.व. पाण्डे सामुदायिक उपभोक्ता समूहका अलपत्र अध्यक्ष कृष्णबहादुर थापा ।

## इन्भेन्टरीका पक्ष विपक्ष

इन्भेन्टरीका सदाशयको प्रतिरक्षा गर्दै वृक्ष सुधार तथा वन खेती एकाइका हेमलाल अर्याल भन्छन्- "जनताले आफ्नो वनको मौज्दात कति छ र कति चलन गर्न पाइन्छ भनेर थाहा पाउनु महत्वपूर्ण छ । इन्भेन्टरी गर्नु पर्दैन भन्ने कुरा उत्पादनमूलक हुँदैन ।" उनी उपभोक्ताहरूले इन्भेन्टरी गर्न सक्ने र उपभोक्ताहरूलाई सिकाउने नै इन्भेन्टरी अभियानको मनसाय रहेको कुरा स्पष्ट पार्छन् । यस्ता केही प्रयोग पनि भए तर इन्भेन्टरीको तालिम लिएर इन्भेन्टरी बनाएर लगेर पनि पटकपटक रेञ्जरहरूले

बखेडा खडा गरेको बताउँछन् चेतनशील महिला समूहका कार्यकर्ता दीपक राई । उनीहरू खुलेआम काठ कति निकालिदिउँ ? भनेर धेरै निकाल्न पाउने बनाइदिँदा धेरै रकम माग गर्ने कुरासमेत इन्भेन्टरी विषयमा भएको एक भेलामा राई र पराजुलीले बताए ।

इन्भेन्टरी प्रकरणले काठ ठेकेदारहरूलाई प्रभावशाली बनाएको राय छ चुरे वन अधिकार कार्यक्रमका संयोजक प्रमोद दाहालको । सा.व.मा क्रियाशील स्थानीय संस्था र उपभोक्ताहरूका अनुसार ठेकेदारहरूले नै पछि काठ आफूलाई दिने शर्तमा इन्भेन्टरी गराउँछन् र ठूलो मात्रामा काठ लैजान्छन् । यसलाई वन कर्मचारीहरू उपभोक्ताहरू बदमास भएका र यसैकारण नियन्त्रण गर्नु परेको तर्क पेश गर्छन् भने वन कर्मचारीको मिलेमतोबिना त्यस्तो काम हुन नसक्ने भएकाले उपभोक्ताहरू दोष उतै फर्काउन खोज्छन् । केही ठाउँहरूमा समितिले उपभोक्ताहरूलाई थाहै नदिई मिलोमतोमा अवैध काठ कटानी भएको हुनसक्ने कुरा स्वीकार गर्दै सा.व. उपभोक्ता महासङ्घकी केन्द्रीय सदस्य एवं ऋषिखोला महिला सामुदायिक वन उपभोक्ता समूहकी सदस्य सकुन्तला नगरकोटी भन्छिन्, “हामी चाहन्छौँ यस्ता सा.व.माथि कारवाही होस् । हामी पनि सहयोग गर्छौं तर एकाध सा.व.ले यसो गरे भन्दैमा सबै सा.व.हरूलाई दुःख दिनु र जनताको अधिकार खोस्न तम्सिनु वन कर्मचारीको अकर्मण्यता ढाकछोप गर्न खोज्नु हो ।” ♦